# खाद्यान्नको दैवी अनुकम्पा

यस मार्गको प्रवर्तक, ओयासामाले यसरी सिकाउनुभयो -

"सागको एउटा पात पनि नफाल्नू ।"

उहाँले खेर नफाल्ने कुराको नैतिक महत्त्वबारे सिकाउनका लागि मात्र नभई परमेश्वर जनक-जननीले हामीलाई प्रदान गर्नुभएको सब थोकलाई खेर नफालीकन आभारीपूर्ण मनले ग्रहण गर्नुपर्छ भनी त्यसरी सिकाउनुभयो ।

साथै ओयासामाले माछा खाने बेलामा -

"मीठो, मीठो भनेर खानू ।"

भनेर सिकाउनुभयो । माछा पनि जनावर पनि आफ्नो ज्यान मानवका लागि अर्पण गरेकाले सबै मीठो मानेर हामीले खाएनौं भने तिनीहरूको ज्यानलाई र परमेश्वर जनक-जननीको अभिप्रायलाई बेवास्त गरे जस्तो हुन्छ ।

यस मार्गको शिक्षामा कुनै विधान या नियम जस्ता उपदेशद्वारा हाम्रो जीवनशैलीलाई मना या नियन्त्रण गर्ने चलन छैन । त्यस्ता कुराहरूको परिपालनाभन्दा खुसीसाथ जीवन बिताउने जीवनशैलीप्रति प्रेरित गर्छ । खाद्यान्नका बारेमा पनि कुनै पनि निषेधित चीज तोकिएको छैन । सम्पूर्ण कुरा परमेश्वर जनक-जननीको अनुकम्पा हो ।

त्यसैले कृतज्ञताका साथ आवश्यक चीज ग्रहण गर्नु राम्रो हुन्छ । खाद्यान्नका माध्यमबाट दैनिक रूपमा परमेश्वर जनक-जननीको अनुकम्पाबारे सचेत हुँदै अनुभूत गर्नु : यस्तो जीवनशैली नै यस मार्गको अनुयायीका लागि महान खुसीको स्रोत हुनेछ ।



# खाद्यान्नको दैवी अनुकम्पा

यस मार्गको प्रवर्तक, ओयासामाले यसरी सिकाउनुभयो -

"सागको एउटा पात पनि नफाल्नू ।"

उहाँले खेर नफाल्ने कुराको नैतिक महत्त्वबारे सिकाउनका लागि मात्र नभई परमेश्वर जनक-जननीले हामीलाई प्रदान गर्नुभएको सब थोकलाई खेर नफालीकन आभारीपूर्ण मनले ग्रहण गर्नुपर्छ भनी त्यसरी सिकाउनुभयो ।

साथै ओयासामाले माछा खाने बेलामा -

"मीठो, मीठो भनेर खानू ।"

भनेर सिकाउनुभयो । माछा पनि जनावर पनि आफ्नो ज्यान मानवका लागि अर्पण गरेकाले सबै मीठो मानेर हामीले खाएनौं भने तिनीहरूको ज्यानलाई र परमेश्वर जनक-जननीको अभिप्रायलाई बेवास्त गरे जस्तो हुन्छ ।

यस मार्गको शिक्षामा कुनै विधान या नियम जस्ता उपदेशद्वारा हाम्रो जीवनशैलीलाई मना या नियन्त्रण गर्ने चलन छैन । त्यस्ता कुराहरूको परिपालनाभन्दा खुसीसाथ जीवन बिताउने जीवनशैलीप्रति प्रेरित गर्छ । खाद्यान्नका बारेमा पनि कुनै पनि निषेधित चीज तोकिएको छैन । सम्पूर्ण कुरा परमेश्वर जनक-जननीको अनुकम्पा हो ।

त्यसैले कृतज्ञताका साथ आवश्यक चीज ग्रहण गर्नु राम्रो हुन्छ । खाद्यान्नका माध्यमबाट दैनिक रूपमा परमेश्वर जनक-जननीको अनुकम्पाबारे सचेत हुँदै अनुभूत गर्नु : यस्तो जीवनशैली नै यस मार्गको अनुयायीका लागि महान खुसीको स्रोत हुनेछ ।